श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### भ्रष्टाचार निवारण ऐन, २०१७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः— भ्रष्टाचार निवारण ऐन, २०१७ (यस पछि मूल ऐन भनिएको) मा केही संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यो ऐनको नाम "भ्रष्टाचार निवारण (संशोधन) ऐन, २०२२" रहेको छ ।

४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मूल ऐनमा थपः–** मूल ऐनको परिच्छेद २ को दफा १६ पछि निम्नलिखित दफा १६ क. थपिएको छः–

१६ क. **मतियारलाई सजायः–** यो परिच्छेद अन्तर्गत सजाय हुने कुनै कसूर गर्ने व्यक्तिलाई हुने सजायको आधि सजाय सो कसूरको मतियारलाई हुनेछ।

३. **मूल ऐनको दफा १९ मा संशोधनः–** मूल ऐनको दफा १९ को उप–दफा (२) मा रहेको तारेखमा राख्ने जमानीलिई छाड्ने बारे भन्ने शब्दहरूको सट्टा "तारेखमा राख्ने जमानीलिई छाड्ने र जमानी दिन नसकेमा थुन्ने बारे" भन्ने शब्दहरू राखिएको छ।

४. **मूल ऐनको दफा २० मा संशोधनः–** (१) मूल ऐनको दफा २० को मार्जिनल नोटमा रहेको "सरकारी सेवामा रहेको" भन्ने शब्दहरू झिकिएको छ।

(२) मूल ऐनको दफा २० को उप–दफा (२) पछि निम्नलिखित उप–दफा (३) थपिएको छ।

(३) संगठित संस्थामा बहाल रहेको कुनै राष्ट्रसेवकले परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर गरेको अभियोगको सिलसिलामा विशेष पुलिस अफिसरले मौका तहकिकात र अनुसन्धान गरे पछि विशेष पुलिस विभागले त्यस्तो राष्ट्रसेवकलाई विभागीय सजाय दिन राय ठहर साथ सम्बन्धित संगठित संस्थाको अधिकार प्राप्त अधिकारी छेउ पठाउन सक्ने छ।

५. **मूल ऐनको दफा २७ मा संशोधनः–** मूल ऐनको दफा २७ को उप–दफा (३) मा रहेको "हद म्याद" भन्ने शब्दको सट्टा "म्याद तारेख" भन्ने शब्द राखिएको छ।

६. **मूल ऐनको दफा २९ मा संशोधनः–** मूल ऐनको दफा २९ को सट्टा निम्नलिखित दफा २९ राखिएको छः–

२९. **बिगो र जरिवानाको हद बारेः–** (१) यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर गरी त्यसबाट आफू वा अन्य कुनै व्यक्तिलाई गैर–कानूनी लाभ वा कुनै व्यक्तिलाई गैर–कानूनी हानी पुऱ्याएको रहेछ भने त्यस्तो कसूर बापत हुने सजायको अतिरिक्त त्यस्तो व्यक्तिसंग गैर–कानूनी लाभ वा गैर–कानूनी हानी गरेको बिगो असूल गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जरिबाना तोक्दा जरिवानाको माथिल्लो हद रू. ५०००।– पाँच हजार हुनेछ ।

तर, मोल पर्ने माल बस्तु वा रिसवत लिएकोमा त्यस्तो माल बस्तु वा रिसवतको मोल विगो रू ५०००।– पाँच हजार भन्दा बढी भएमा सो विगो बमोजिम जरिवाना हुनेछ ।

७. मूल ऐनको दफा ३१ मा संशोधनः– मूल ऐनको दफा ३१ को सट्टा निम्नलिखित दफा ३१ राखिएको छः–

३१. अधिकार प्रयोग गर्न पाउने र प्रत्यायोजन गर्न सकिने :– (१) यस ऐन अन्तर्गत विशेष पुलिस विभागलाई प्राप्त अधिकारहरूको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी यस ऐन बमोजिम विशेष पुलिस विभागको सबै अधिकार अञ्चलाधीशले पनि आफ्नो क्षेत्रभित्र प्रयोग गर्न पाउने छ। कुनै अन्चलाधीशले वा निजले खटाएको कुनै विशेष पुलिस अफिसरले सो अञ्चलाधीशको अधिकार क्षेत्रभित्रको यो ऐन अन्तर्गतको कसूरको सिलसिलामा तहकिकात कारवाई गर्दा सो क्षेत्र बाहिर गई गरेको भएपनि सोही कारणले मात्र त्यस्तो तहकिकात कारवाई गैर–कानूनी मानिने छैन।

(२) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी कुनै सरकारी कर्मचारीलाई स्थायी रूपमा विशेष पुलिस अफिसरको अधिकार र कर्तव्य सुम्पन सक्नेछ।

(३) विशेष पुलिस विभागका मुख्य अफिसरले सो विभागको सबै वा केही अधिकार सो विभागको कुनै विशेष पुलिस अफिसरलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. मूल ऐनमा थपः– मूल ऐनको दफा ३१ पछि निम्नलिखित दफा ३१ क. र दफा ३१ ख. थपिएको छः–

३१ क. श्री ५ को सरकारले मुद्दा सार्न सक्ने:– दफा २७ बमोजिम कुनै एउटा अदालतमा दायरभई किनारा हुन बाँकी रहेका मुद्दा मामिलाहरू श्री ५ को सरकारले सो अदालतबाट झिकी कारवाई किनारा गर्न सोही दफा बमोजिम तोकिएको वा गठन गरिएको अर्को अदालतमा सुम्पन सक्नेछ ।

629

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१ ख. सम्बन्धित व्यक्ति बुझ्ने र जरिवाना गर्ने बारेः– (१) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको तहकिकात वा अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिसंग केही कुरा बुझ्नु परेमा स्थायी विशेष पुलिस अफिसरले त्यस्तो व्यक्तिलाई आफू छेउ उपस्थित हुन आदेश दिन सक्नेछ।

(२) उप–दफा (१) बमोजिम दिइएको आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई स्थायी विशेष पुलिस अफिसरले बढीमा रू. ५००।– पाँच सयसम्म जरिवाना गर्न सक्नेछ।

९. भ्रष्टाचार निवारण (संशोधन) अध्यादेश, २०२२ निष्क्रय भए पछि त्यसको परिणामः– भ्रष्टाचार निवारण (संशोधन) अध्यादेश, २०२२ निष्क्रय भएपछि अर्कै अभिप्राय नदेखिएमा सो निष्क्रयताले–

(क) निष्क्रय हुँदाको बखत कायम नरहेको कुनै कुरालाई जगाउदैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्दैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्दैन,

(घ) सो अध्यादेश विरूद्ध गरेको कुनै कसूर बापत भएको कुनै दण्ड सजायलाई असर पार्दैन, र

(ङ) माथि लिखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजायका सम्बन्धमा गरिएको कुनै कानूनी कारवाई वा उपायलाई असर पार्दैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिने छ र त्यस्तो दण्ड सजाय पनि गर्न सकिनेछ।

लालमोहर सदर मिति २०२२।१२।१०।४

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समर विजयिनाम् ।

### नगर पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– नगर पञ्चायत ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "नगर पञ्चायत (तेस्रो संशोधन) ऐन, २०२२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा १४ मा संशोधनः– (१) मूल ऐनको दफा १४ को उप-दफा (३) को खण्ड (ख) को अन्तिम वाक्यांश पछि "वा" शब्द थपिएको छ ।

(२) मूल ऐनको दफा १४ को उप-दफा (३) को खण्ड (ख) पछि देहाय बमोजिम खण्ड (ग) थपिएको छः–

(ग) कुनै कारणले प्रधान पञ्च र उप-प्रधान पञ्च दुवैको पद रिक्त हुन आएमा वा निजहरू दुवै लगातार ३० दिन वा सोभन्दा बढी समयसम्म अनुपस्थित रहेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस खण्ड बमोजिम बोलाइएको सभाको सभापतित्व सो सभामा उपस्थित सदस्यहरूले बहुमतद्वारा छानेको सदस्यले गर्नेछ ।

३. मूल ऐनको दफा २८ मा संशोधनः– मूल ऐनको दफा २८ को उप-दफा (१) को अन्तिम वाक्यांश पछि देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

तर कुनै कारणले प्रधान पञ्च र उप-प्रधान पञ्चको पद रिक्त हुन आएमा वा निजहरू दुवै एक महीना वा सोभन्दा बढी समयसम्म अनुपस्थित रहेमा दफा १४ को उप-दफा (३) को खण्ड (ग) बमोजिम प्रधान अफिसरले बोलाएको सभाले दफा २९ बमोजिमको सबै वा केही अधिकार एवं कर्तव्य नगर पञ्चायतका कुनै सदस्यले प्रयोग गर्न पाउने गरी तोक्न सक्नेछ र यस प्रकार गर्न तोकिएको अधिकार एवं कर्तव्य नगर पञ्चायतका प्रधान पञ्च वा उप-प्रधान पञ्चको निर्वाचन पछि वा निजहरू दुवै मध्ये कुनै एक उपस्थित भएमा स्वतः खारेज भएको मानिनेछ ।

४. नगर पञ्चायत ऐन (तेस्रो संशोधन) अध्यादेश, २०२२ निष्क्रिय भएपछि त्यसको परिणामः– नगर पञ्चायत अध्यादेश, २०२२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएसम्म सो निष्क्रियताले–

(क) निष्क्रिय हुंदाको बखत कायम नरहेको कुनै कुरालाई जगाउंदैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्दैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुबिधा, कर्तव्य वा दायित्वमा असर पार्दैन, र

(घ) माथि लेखिएको कुनै त्यस्तो हक, सुबिधा, कर्तव्य वा दायित्वका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्दैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कारवाई वा उपायलाई शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मिति २०२२।१२।१०।४

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### भूमि सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– भूमि सम्बन्धी ऐन, २०२१ (यस पछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "भूमि सम्बन्धी (प्रथम संशोधन) ऐन, २०२२" रहेकोछ ।

627

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐनको दफा २ र दफा १८ मूल ऐन प्रारम्भ भएको मितिदेखि र अरू बांकी दफाहरू तुरून्त प्रारम्भ हुने छन् ।

२. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को उप–दफा (२) पछि निम्नलिखित उप–दफा (३) र (४) थपिएको छः–

(३) उप–दफा (१) र (२) लागू भएको क्षेत्रको कुनै जग्गाको सम्बन्धमा कसैले जग्गावालाको हक सो उप–दफाहरू प्रारम्भ हुनु भन्दा अगावै प्रचलित नेपाल कानूनले अंशमा हक पुग्ने हकवाला वा अंशियार बाहेक अरू कसैलाई बेचबिखन, दान–दातव्य, सट्टा पट्टा गरी वा अरू कुनै व्यहोराले हक छाडि दिएको लिखत सो उप–दफाहरू प्रारम्भ हुँदाको मितिसम्म रजिष्ट्रेशन पास भएको रहेनछ र त्यसरी हक छाडि दिएको जग्गा निज वा निजको परिवारको साथमा कायम रहेको अरू जग्गा समेत मिलाउँदा उप–दफा (१) र (२) मा लेखिएको अधिकतम हदभन्दा बढी हुने रहेछ भने त्यस्तो हक छाडि दिए लिएकोलाई यस दफाको तात्पर्यको लागि मान्यता दिइने छैन र त्यस्तो जग्गा हक छाडि दिने जग्गावालाकै साथमा कायम रहेको सरह मानि यो दफा लागू हुनेछ ।

तर, यो दफा लागू हुनु भन्दा अगावै रजिष्ट्रेशन पास गराई माग्न दावी परिसकेकोमा यो उप–दफा लागू हुने छैन ।

(४) उप–दफा (१) र (२) लागू भएको क्षेत्रहरूमा सो उप–दफाहरू प्रारम्भ भएको मितिसम्म सो उप–दफाहरू बमोजिम राख्न पाउने अधिकतम हदभन्दा बढी जग्गा आफ्नो साथमा वा आफ्नो परिवारको साथमा हुने कुनै जग्गावालाले सो उप–दफाहरू प्रारम्भ भए पछि त्यस्तो जग्गा नेपाल कानूनले अंशमा हक पुग्ने हकवाला अंशियार बाहेक अरू कसैलाई बेचबिखन, दान–दातव्य, सट्टा पट्टा गरी वा अरू कुनै व्यहोराले हक छाडि दिएको रहेछ भने सो लेनदेनको लिखत रजिष्ट्रेशन पास भएको वा नभएको जे भए तापनि त्यस्तो लेनदेनलाई यो दफाको तात्पर्यको लागि मान्यतादिइने छैन र त्यस्तो जग्गा हक छाडि दिने जग्गावालाकै साथमा कायम रहेको सरह मानि यो दफा लागू हुनेछ ।

तर, कसैले सार्वजनिक शिक्षण संस्थाको निमित्त दिएको दान–दातव्यको सम्बन्धमा यो उप–दफा लागू हुनेछैन ।

३. मूल ऐनको दफा १३ मा संशोधनः– मूल ऐनको दफा १३ को उप–दफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

तर–

(क) सम्बन्धित व्यक्तिको निवेदन परी वा अरू कुनै मुनासिब कारणले म्याद बढाउन पर्ने देखिएमा सो म्याद गुज्रेको मितिले ३५ दिनसम्मको थप म्याद तोकिएको अधिकारीले दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८५

(ख) कुनै सरकारी कर्मचारी वा विदेशमा गएका व्यक्तिले म्यादभित्र फाँटवारी दाखिल गर्न सकेको रहेनछ भने त्यस्तो व्यक्तिले म्याद बढाउन निवेदन दिएमा श्री ५ को सरकार वा तोकिएको अधिकारीले आवश्यक ठानेमा थप म्याद दिन सक्नेछ ।

४. मूल ऐन को दफा १९ मा संशोधनः– मूल ऐनको दफा १९ को उप–दफा (३) को सट्टा निम्नलिखित उप–दफा (३) राखिएको छः–

(३) उप–दफा (२) बमोजिम दिइएको ऋण–पत्र श्री ५ को सरकारमा बुझाउनु पर्ने डिपोजिट वा जमानतको निमित्त र कुनै स्वशासित संगठित संस्थामा धितो राखी उद्योगको निमित्त ऋण लिनको लागि ग्राह्य हुनेछ र त्यस्तो ऋण–पत्रको नामसारी तथा बेचबिखन हुन सक्नेछ ।

५. मूल ऐनको दफा २१ पछि दफा २१ क. थपः– मूल ऐनको दफा २१ पछि निम्नलिखित दफा २१ क. थपिएको छः–

२१ क. जफत भएको जग्गा बिक्री वितरण गर्नेः– यो ऐन बमोजिम जफत भएको जग्गालाई तोकिएको अधिकारीले तोकिए बमोजिम बिक्री वा वितरण गरिने छ ।

तर, बिक्री वा वितरण नभएसम्म त्यस्तो जग्गा साविक जग्गावाला वा मोही वा अन्य कुनै व्यक्तिलाई तोकिएको अधिकारीले कुनै शर्तमा कमाउन दिन सक्नेछ ।

६. मूल ऐनको दफा २९ पछि दफा २९ क. थपः– मूल ऐनको दफा २९ पछि निम्नलिखित दफा २९ क. थपिएको छः–

२९ क. मोहीलाई निस्काशन गर्ने हद म्यादः– दफा २९ बमोजिम मोहीलाई निस्काशन गर्नु परेमा देहायका म्यादभित्र निवेदन दी सक्नुपर्छ सो म्याद गुज्रे पछि निवेदन लाग्न सक्दैन ।

(क) दैवि परी उब्जा हुन नसकेकोमा बाहेक कुत बुझाउने म्याद नाघेको मितिले ९० दिन वा यो दफा लागू भएको मितिले ३५ दिनभित्र जुन पछि हुन्छ सो म्यादभित्र,

(ख) दफा २९ को उप–दफा (१) को खण्ड (ख) मा उल्लेख भएको अवस्थामा सो खण्डमा लेखिएको काम कुरा भए गरेको मितिले ३५ दिनभित्र,

(ग) दफा २९ को उप–दफा (१) को खण्ड (ग) मा उल्लेख भएको अवस्थामा सो खण्डमा लेखिएको काम कुरा भए गरेको एक वर्ष नाघेको ३५ दिनभित्र ।

७. मूल ऐनको दफा ३१ पछि दफा ३१ क. थपः– मूल ऐनको दफा ३१ पछि निम्नलिखित दफा ३१ क. थपिएको छः–

426

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१ क. मोहियानी हकको प्राप्ति वा तेरो मेरो सम्बन्धी मुद्दाः– कुनै जग्गाको सम्बन्धमा यो परिच्छेद बमोजिमको मोहियानी हकको प्राप्ति वा मोहियानी हकको तेरो मेरो सम्बन्धी कुरामा झगडा पर्न आएमा त्यस्को निर्णय तोकिएको अदालतबाट गरिनेछ ।

८. मूल ऐनको दफा ३३ मा संशोधनः– मूल ऐनको दफा ३३ को अन्त्यमा निम्नलिखित स्पष्टीकरण थपिएको छः–

स्पष्टीकरणः– यो दफाको तात्पर्यको लागि जग्गाको किसिमको आधारमा लिनु दिनु पर्ने कुत यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम अनुसार दिइने मोहियानी-हकको प्रमाण–पत्र वा जोताहाको अस्थायी निस्सामा लेखिए बमोजिम हुनेछ, लेनदेन भै सकेकोमा बाहेक त्यस्तो कुत मूल ऐन प्रारम्भ भएकै मितिदेखि दिने लिने गर्नुपर्छ ।

९. मूल ऐनको दफा ३६ मा संशोधनः– (१) मूल ऐनको दफा ३६ को उप–दफा (३) मा रहेको "ईलाका माल अड्डामा धरौट राख्न सक्नेछ" भन्ने वाक्यांशको सट्टा "स्थानीय पञ्चायतमा र स्थानीय पञ्चायतले नबुझि लिएमा सो नबुझेको सात दिनभित्र ईलाका माल अड्डामा धरौट राख्न सक्नेछ" भन्ने वाक्यांश राखिएको छ ।

(२) मूल ऐनको दफा ३६ को उप–दफा (४), (५) र (६) मा रहेको "माल अड्डा" भन्ने शब्दहरूको सट्टा "धरौटी राख्ने स्थानीय पञ्चायत वा माल अड्डा" भन्ने शब्दहरू राखिएको छ ।

१०. मूल ऐनको दफा ३६ पछि दफा ३६ क. थपः– मूल ऐनको दफा ३६ पछि निम्नलिखित दफा ३६ क. थपिएको छः–

३६. क. कुत भराई माग्ने हद म्यादः– कुत बुझाउने म्याद नाघेको मितिले ९० दिन वा यो दफा लागू भएको मितिले ३५ दिन भित्र जुन पछि हुन्छ सो म्यादभित्र जग्गावालाले मोहीबाट कुत भराई लिन नालेस दिनु पर्छ सो म्याद गुज्रे पछि कुतभराई माग्ने नालेस लाग्न सक्दैन ।

११. मूल ऐनको दफा ३८ मा संशोधनः– (१) मूल ऐनको दफा ३८ को उप–दफा (१) मा रहेको "वा दफा ३७" भन्ने शब्दहरू झिकिएको छ ।

(२) मूल ऐनको दफा ३८ को उप–दफा (२) मा रहेको "तोकिएको अदालतले निजलाई रू. १,०००।– एकहजारसम्म जरीवाना वा ६ महीनासम्म कैद वा दुबै सजाय हुनेछ भन्ने" बाक्यांशको सट्टा "तोकिएको अधिकारी, अदालत वा पञ्चायतले निजलाई रू. ५००।– पाँचसयसम्म जरीवाना गर्न सक्नेछ" भन्ने बाक्यांश राखिएको छ ।

(३) मूल ऐनको दफा ३८ को उप–दफा (३) पछि निम्नलिखित उप–दफा (३) क. थपिएको छः–

62C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३क.) दफा ३७ को उल्लङ्घन गरी कुनै जग्गावालाले मोहीबाट कुनै रकम कलम उठाएको ठहरेमा तोकिएको अधिकारी, अदालत वा पञ्चायतले सो उठाएको रकम मोहीलाई भराईदिई जग्गावालालाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) मूल ऐनको दफा ३८ को उप–दफा (४) मा रहेको "तोकिएको अदालतले" भन्ने वाक्यांशको सट्टा "तोकिएको अधिकारी, अदालत वा पञ्चायतले" भन्ने वाक्यांश राखिएको छ ।

१२. मूल ऐनको दफा ४१ मा संशोधनः– (१) मूल ऐनको दफा ४१ को सट्टा निम्नलिखित दफा ४१ राखिएको छः–

४१. बचतमा ब्याज दिने र नगदीमा परिणत गर्ने बारेः– (१) दफा ४० बमोजिम जम्मा गराईएको बचतको रकममा सो जम्मा राख्ने समिति, संस्था वा अधिकारीले वार्षिक सयकडा पांचका दरले ब्याज दिनेछ र बचत जम्मा गरेको मितिले दुइ वर्ष पछि र पाँच वर्ष भित्र पटक–पटक गरी वा एक मुष्ट त्यस्तो ब्याजको भुक्तानी दिनेछ ।

(२) दफा ४० बमोजिम जम्मा भएको अनिवार्य जिन्सी बचत रकमलाई सो जम्मा राख्ने समिति, संस्था वा अधिकारीले तोकिए बमोजिम नगदीमा परिणत गर्न सक्नेछ ।

१३. मूल ऐनको दफा ४२ मा संशोधनः– मूल ऐनको दफा ४२ को सट्टा निम्नलिखित दफा ४२ राखिएको छः–

४२. बचतको रकम फिर्ता दिने बारेः– दफा ४० बमोजिम जम्मा गरिएको बचत सो जम्मा गरिएको मितिले क्रमशः पांच पांच वर्ष पछि सो बचत जम्मा राख्ने समिति संस्था वा अधिकारीले सो जम्मा रकम र बाँकी ब्याज भए सो समेत नगदी, जिन्सी वा दुवैमा वा जिन्सी–लाई दफा ४१ बमोजिम नगदीमा परिणत गरिएको भए नगदीमा फिर्ता भुक्तानी गर्नेछ वा भुक्तानी गर्नुपर्ने नगदी र जिन्सीको मोलको पूरै वा कुनै अङ्कको सट्टा किसानहरूलाई ऋण उपलब्ध गराउने वा मुलुकको विकास गर्ने उद्देश्यले बनेको तथा तोकिएको कर्पोरेशन, बैङ्क वा अरू संगठित संस्थाको शेयर ष्टक वा डिबेञ्चर वा श्री ५ को सरकारले जारीगरेको ऋण–पत्र उपलब्ध गराउने छ ।

१४. मूल ऐनको दफा ४३ मा संशोधनः– मूल ऐनको दफा ४३ को सट्टा निम्नलिखित दफा ४३ राखिएको छः–

४३. जमानत राख्न र शेयर खरीद गर्न सकिनेः– दफा ४० बमोजिम बचत गरिएको रकमको रसीद वा ४२ बमोजिम उपलब्ध गराइएको शेयर, डिबेञ्चर वा ऋण–पत्र श्री ५ को सरकारमा बुझाउन पर्ने कुनै प्रकारको डिपोजिट वा जमानतको निमित्त ग्राह्य हुनेछ र त्यस्तो बचत रसीदबाट सहकारी संस्थाको शेयर खरीद गर्न सकिने छ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मूल ऐनको दफा ४४ मा संशोधनः– (१) मूल ऐनको दफा ४४ को उप–दफा (१) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित प्रतिवन्धात्मक वाक्यांश राखिएको छ ।

तर–

(क) सम्बन्धित व्यक्तिको निवेदन परी वा अरू कुनै मुनासिब कारणले म्याद बढाउन पर्ने देखिएमा सो म्याद गुज्रेको मितिले ३५ दिन सम्मको थप म्याद तोकिएको अधिकारीले दिन सक्नेछ ।

(ख) कुनै सरकारी कर्मचारी वा विदेशमा गएको व्यक्तिले म्याद भित्र फाँटवारी दाखिल गर्न सकेको रहेनछ भने त्यस्तो व्यक्तिले म्याद बढाउन निवेदन दिएमा श्री ५ को सरकार वा तोकिएको अधिकारीले आवश्यक ठानेमा थप म्याद दिन सक्नेछ ।

(२) मूल ऐनको दफा ४४ को उप–दफा (२) को स्पष्टीकरणमा रहेको "कृषि सम्बन्धित ऋण भन्नाले" भन्ने शब्दहरू र "किसानहरू" भन्ने शब्दहरूको बीचमा "लेनदेनको लिखतमा जुनसुकै व्यहोराको वापत जनाएको भए तापनि" भन्ने वाक्यांश थपिएको छ ।

(३) मूल ऐनको दफा ४४ को उप–दफा (२) पछि निम्नलिखित उप–दफा (३) थपिएकोछ ।

(३) यस परिच्छेदको प्रयोजनको लागि कुनै ऋण कृषि सम्बन्धी ऋण हो, होईन भन्ने प्रश्न उठेमा तोकिएको अधिकारीले स्थानीय पञ्चायतको प्रतिनिधि राखी आवश्यक देखेमा सरजमीन समेत गरी त्यसको निर्णय गर्नेछ र त्यस्तो निर्णयमा कसैको चित्त नबुझेमा त्यस्तो निर्णय भएको मितिले ३५ दिन भित्र निजले तोकिएको अदालतमा अपील गर्न सक्नेछ ।

१६. मूल ऐनको दफा ५१ मा संशोधनः– (१) मूल ऐनको दफा ५१ को उप–दफा (२) पछि निम्नलिखित उप–दफा (२क.) थपिएकोछः–

(२क.) यस परिच्छेद बमोजिम असामी किसानबाट सोझै असूल गर्न नहुने कृषि सम्बन्धी ऋणको साँवा वा ब्याजको रकम सोझै असूल गर्ने व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले बढीमा रू. ५००।– पाँच सयसम्म जरीवाना हुनेछ र सम्बन्धित बिगो समेत जफत हुनेछ ।

(२) मूल ऐनको दफा ५१ को उप–दफा (३) मा रहेको "उप–दफा (१) वा (२)" भन्ने शब्दहरूको सट्टा "उप–दफा (१), (२) वा (२क.)" भन्ने शब्दहरू राखिएको छ ।

१७. मूल ऐनको दफा ५१ पछि दफा ५१क. र दफा ५१ख. थपः– मूल ऐनको दफा ५१ पछि निम्नलिखित दफा ५१क. र ५१ख. थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५१क. ऋण असूली सम्बन्धी सुविधा पाउने:- नेपाल कानून बमोजिम गठित कुनै सहकारी संस्था, बैङ्क वा तोकिएको औद्योगिक कम्पनीले किसानसंग उठाउन, भराउन वा फिर्ता लिनु पर्ने जुनसुकै ऋणको साँवा र ब्याज सोझै उठाउन, भराउन, वा फिर्तालिन यस परिच्छेदका कुनै कुराले बाधा पुर्‍याउने छैन र त्यस्तो सहकारी संस्था, बैङ्क वा तोकिएको औद्योगिक कम्पनीले दफा ४४ बमोजिम ऋणको फाँटवारी दाखिल गर्नुपर्ने छैन ।

५१ख. असामीबाट ऋणको फाँटवारी आएकोमा त्यस्तो ऋण असामीले पाउने:- दफा ४४ वा ५० बमोजिम ऋणको फाँटवारी दाखिल गर्नुपर्ने कर्तव्य भएको कुनै साहूले सो बमोजिम फाँटवारी दाखिल नगरी त्यस्तो फाँटवारी सम्बन्धित किसानबाट दाखिल भै दफा ४६ बमोजिम ऋण प्राप्त भएमा साहूको त्यस्तो ऋण र त्यस्को वार्षिक सयकडा पाँचका हिसावले ब्याज समेत पाँचवर्ष पछि असामीलाई एकमुष्ट फिर्ता दिइनेछ ।

१८. मूल ऐनको दफा ५७ पछि दफा ५७क. थप:- मूल ऐनको दफा ५७ पछि निम्नलिखित दफा ५७ क. थपिएको छ:-

५७क. कोर्ट फी नलाग्ने:- प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरू अन्तर्गत कुनै अदालत वा अधिकारी छेउ पर्न आएका मुद्दा वा उजूरीमा कोर्ट फी नलिई कारवाई किनारा गरिनेछ ।

१९. मूल ऐनको दफा ५८ पछि दफा ५८क. थप:- मूल ऐनको दफा ५८ पछि निम्नलिखित दफा ५८ क. थपिएको छ:-

५८ क. झुठा उजूरी गरेमा कोर्ट फी सरह जरिवाना हुने:- कुनै व्यक्तिले तोकिएको अदालतमा दिएको उजूरी झुठा ठहरेमा त्यस्तो झुठा उजूरी दिए वापत त्यस्तो उजूरी दिंदा निजले दिनुपर्ने कोर्ट फी सरहको अङ्क निजलाई जरिवाना हुनेछ ।

लालमोहर सदर मिति २०२२।१२।१०।४

आज्ञाले-
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

439

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन नं. २३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि बिबिध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### गाउँ पञ्चायत ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– गाउँ पञ्चायत ऐन, २०१८ (यसपछि मूल ऐन भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "गाउँ पञ्चायत (चौथो संशोधन) ऐन, २०२२" रहेको छ ।

632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

६. गाउँ सभाको इलाका नगर पञ्चायत वा अर्को गाउँ सभामा गाभिंदाको परिणामः–

(१) कुनै गाउँ सभाको सम्पूर्ण इलाका कुनै नगर पञ्चायत वा अर्को गाउँ सभाको इलाकामा गाभिन गयो भने त्यस्तो गाभिन जाने गाउँ सभा खारेज हुनेछ र त्यसको आम्दानी, खर्च, सम्पत्ति र काम कारवाहीका कागजपत्रहरूको बुझ बुझारथ तोकिएको तरीकाले गरिनेछ । गाउँ सभाको केही भाग मात्र अर्को नगर पञ्चायत वा अर्को गाउँ सभाको इलाकामा गाभिन गएमा सो भाग मात्र गाउँसभाको इलाकाबाट हटाईनेछ । ईलाका झिकिएको वा गाभिएको कारणले कुनै गाउँ सभाको इलाका थप घट भए श्री ५ को सरकारले आवश्यक देखेमा त्यस्तो गाउँ सभामा रहेको गाउँ पञ्चायतलाई भङ्ग गरी आवश्यक परेमा वडाहरूको पुनः बिभाजन समेत गरी अर्को निर्वाचन गर्न लगाउन सक्नेछ ।

(२) कुनै नगर पञ्चायतको इलाका कुनै गाउँ सभाको इलाकामा गाभिन आएमा सो इलाका मात्र सो नगर पञ्चायतको ईलाकाबाट झिकिनेछ । सो बमोजिम नगर पञ्चायतको ईलाका कुनै गाउँ सभाको ईलाकामा गाभिन आए पछि श्री ५ को सरकारले आवश्यक देखेमा सो गाउँ पञ्चायतलाई भङ्ग गरी आवश्यकतानुसार वडाहरूको पुर्नविभाजन समेत गरी अर्को निर्वाचन गर्न लगाउन सक्नेछ ।

३. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को उप–दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

(२) गाउँ सभाका सदस्यहरू मध्ये सयकडा १० सम्मले मनासिब माफिकको कारण देखाई फलाना विषयमा बैठक गर्न पाऊँ भनी प्रधान पञ्चका समक्ष र निजको अनुपस्थितिमा उप-प्रधान पञ्चका समक्ष दरखास्त दिएमा वा त्यस्तो कुनै बैठक बोलाउन गाउँ पञ्चायतले निर्णय गरेमा प्रधान पञ्च वा निजको अनुपस्थितिमा उप-प्रधान पञ्चले सो दरखास्त परेको वा निर्णय भएको मितिले ७ दिनभित्र गाउँ सभाको असाधारण बैठक बोलाउने छ । प्रधान पञ्च र उप-प्रधान पञ्च दुवैको अनुपस्थितिमा वा दुवैको विरुद्ध अविश्वासको प्रस्ताव आएमा यस्तो बैठक बोलाउने दरखास्त गाउँ सभाको ईलाकाभित्र उपस्थित रहेको गाउँ पञ्चायतका सदस्यहरू मध्ये उमेरमा सबैभन्दा जेठो हुने सदस्य समक्ष दिनु पर्नेछ र निजले माथि लेखिएको म्यादभित्र गाउँ सभाको असाधारण बैठक बोलाउने छ र सो कुराको सूचना तोकिए बमोजिम गाउँ पञ्चायत र गाउँ सभाको सदस्यहरूलाई दिनुपर्छ ।

432

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा १७ पछि दफा १७ क. थप्ने:- मूल ऐनको दफा १७ पछि देहायको दफा १७क. थपिएको छ:–

१७क. गाउँ पञ्चायतका प्रधान पञ्चको निमित्त पारिश्रमिक:– गाउँ पञ्चायतका प्रधान पञ्चलाई आफ्नो पदमा रही काम गरे वापत गाउँ सभाकोषबाट तोकिए बमोजिमको पारिश्रमिक दिन सकिनेछ ।

५. मूल ऐनको दफा १८ मा संशोधन:– मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ:–

१८. गाउँ पञ्चायतको स्थापना र गठन:– (१) प्रत्येक गाउँ सभामा प्रधान पञ्च, उप-प्रधान पञ्च र अरू ९ जना सदस्यहरू समेत जम्मा ११ जनाको कार्यकारिणी समिति रहनेछ र सो कार्यकारिणी समितिलाई गाउँ पञ्चायत भनिनेछ ।

(२) गाउँ सभाले आफ्ना गाउँ सभासद्‌हरू मध्येबाट गोप्य मतदानको आधारमा प्रधानपञ्च र उप-प्रधान पञ्चको चुनाव गर्नेछ ।

तर, खसालिएको मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त नभै कुनै उम्मेदवार गाउँ पञ्चायतको प्रधान पञ्च वा उप-प्रधान पञ्च पदमा निर्वाचित हुन सक्नेछैन ।

(३) गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च गाउँ सभाको पदेन सभापति र उप-सभापति हुनेछन् ।

(४) गाउँ पञ्चायतको कुनै उप-प्रधान पञ्च प्रधान पञ्च पदको लागि वा कुनै सदस्य प्रधान पञ्च वा उप-प्रधान पञ्च पदको लागि उम्मेदवार भएमा आफ्नो साबिक पदबाट निज स्वत: खारेज भएको मानिनेछ ।

(५) गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्चको पदावधि २ वर्षको हुनेछ र सो पदावधि समाप्तभई निज वा निजहरूको स्थान रिक्त हुन आएमा सो रिक्त स्थानको पूर्ति उप-दफा (२) बमोजिम गरिनेछ ।

(६) गाउँ पञ्चायतका प्रधान पञ्च र उप-प्रधान पञ्च बाहेक अन्य ९ जना सदस्यहरूको चुनावको निमित्त गाउँ सभाको ईलाकालाई तोकिए बमोजिमका तरीकाले ९ वडाहरूमा विभाजित गरिनेछ र प्रत्येक वडाबाट सो वडाका गाउँ सभासद्‌हरूले गुप्त मतदानद्वारा सदस्य चुन्नेछन् ।

(७) उप-दफा (२) र (६) बमोजिम प्रधान पञ्च, उप-प्रधान पञ्च र अरू सदस्यहरू सर्वप्रथम छानिए पछि प्रधान पञ्चले गोला प्रथाद्वारा गाउँ पञ्चायतका प्रथम पटक निर्वाचित प्रधान पञ्च र उप-प्रधान पञ्च बाहेक अरू सदस्यहरू मध्ये कुन कुन एक तिहाई ६ वर्षको, कुन कुन एक तिहाई ४ वर्षको र कुन कुन एक

१६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तिहाई २ वर्षको हुने भन्ने निर्णय गर्नेछ र त्यसरी भएको निर्णयानुसार पहिलो पटकलाई निजहरूको पदावधि कायम हुनेछ । तत्पश्चात् गाउँ पञ्चायतका निर्वाचित प्रत्येक सदस्यको पदावधि ६ वर्षको हुनेछ । गाउँ पञ्चायतको कुनै सदस्यको पदावधि समाप्त भै निजको स्थान रिक्त हुन आएमा सम्बन्धित वडाका गाउँ सभासद्हरूले उप-दफा (६) बमोजिम निर्वाचनद्वारा सो रिक्त स्थानको पूर्ति गर्नेछ ।

(८) उप-दफा (५) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उप-दफाहरू बमोजिम प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्यको स्थान रिक्त हुनुभन्दा बढीमा १ महीना अगावै पनि सो रिक्त हुने स्थानको पूर्तिको निमित्त चुनाव गराउन सकिनेछ ।

(९) प्रधान पञ्च, उप-प्रधान पञ्च वा गाउँ पञ्चायतका कुनै सदस्यको पदावधि समाप्त नहुँदै कुनै कारण निजको स्थान रिक्त हुन आएमा सो बांकी अवधिको निमित्त सो रिक्त स्थानको पूर्ति उप-दफा (२) र (६) बमोजिम गरिनेछ ।

(१०) उप-दफा (५), (७) र (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ पञ्चायतका प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्यको पदावधि समाप्त हुनु अगावै पनि निजहरूलाई देहायका अवस्थामा हटाउन सकिनेछः—

(क) खराब आचरणको वा काम गर्न नसक्ने भन्ने जिल्ला पञ्चायतले ठहराई सो प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्यलाई निलम्बन समेत गरी जिल्ला सभाको निर्णयको निमित्त पठाई सो सभाको साधारण बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतले हटाउने प्रस्ताव पास गरेमा, वा

(ख) प्रधान पञ्च वा उप-प्रधान पञ्चको हकमा गाउँ सभाको बैठकमा उपस्थित सदस्यहरूको दुइ तिहाइले हटाउने प्रस्ताव पास गरेमा र गाउँ पञ्चायतका अरू सदस्यहरूको हकमा सम्बन्धित वडाका गाउँ सभासद्हरूको बैठकमा उपस्थित गाउँ सभासद्हरूको दुइ तिहाइले हटाउने प्रस्ताव पास गरेमा ।

तर, त्यस्तो प्रस्ताव ल्याउने कुराको सूचना सम्बन्धित प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्यलाई बैठक हुनुभन्दा कमसेकम ७ दिन अगावै दिइएको हुनु पर्दछ ।

(११) उप-दफा (१०) को खण्ड (ख) बमोजिम प्रधान पञ्च वा उप-प्रधान पञ्च बाहेक गाउँ पञ्चायतको कुनै सदस्यलाई हटाउन पर्ने कारण देखाई सम्बन्धित वडाका गाउँ सभासद्हरूमध्ये सयकडा १० सम्मले वडाको गाउँ सभासद्हरूको बैठक गर्न पाऊँ भनी प्रधान पञ्च वा निजको अनुपस्थितिमा उप-प्रधान पञ्च

632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समक्ष वा दुवैको अनुपस्थितिमा गाउँ सभाको ईलाका भित्र उपस्थित रहेको गाउँ पञ्चायतका सदस्यहरू मध्ये उमेरमा सबैभन्दा जेठो सदस्य समक्ष दरखास्त दिएमा प्रधान पञ्च, उप-प्रधान पञ्च वा त्यस्तो जेठो सदस्यले सो दरखास्त परेको ७ दिन भित्रसम्बन्धित वडाको गाउँ सभासदहरूको बैठक बोलाउनु पर्नेछ र सो कुराको सूचना गाउँ पञ्चायतको अफिसमा तथा सम्बन्धित वडामा सबैले देख्न सक्ने ठाउँमा टांस्न पर्नेछ र अन्य साधनद्वारा प्रचार समेत गर्नु पर्नेछ। वडाका गाउँ सभासद्हरू मध्ये कमसेकम सयकडा २० उपस्थित नभ बैठक हुन सक्नेछैन। बैठकको सभापतित्व उपस्थित गाउँ सभासद्हरूको बहुमतले छानेको गाउँ सभासद्ले गर्नेछ।

(१२) गाउँ सभाको स्थापना भएपछि र प्रधान पञ्च र उप-प्रधान पञ्चको चुनाव नभएसम्मको बीचको अवधिको लागि वा उप-दफा (१०) को खण्ड (ख) बमोजिम प्रधान पञ्च र उप-प्रधान पञ्च दुवैलाई हटाउने प्रस्ताव पेश भएको अवस्थामा गाउँ सभाको बैठकमा सभापतिको काम गाउँ सभाका सदस्यहरूले बहुमतद्वारा आफू मध्येबाट छानेको व्यक्तिले गर्नेछ।

(१३) गाउँ पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्यहरूको चुनावमा उम्मेदवारहरूले पाएको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिनेछ। गाउ पञ्चायतका प्रधान पञ्च, उप-प्रधान पञ्च र सदस्यहरूको निर्वाचन सम्बन्धी अरू तरीका तोकिए बमोजिम हुनेछ र उम्मेदवारहरूले तोकिए बमोजिमको जमानत समेत दाखिल गर्नु पर्नेछ।

(१४) प्रधान पञ्च र उप-प्रधान पञ्च बाहेक गाउँ पञ्चायतको अरू ९ जना सदस्यहरूको दोहराई चुनाव गर्दा पनि पूर्ति हुन नसकेमा जिल्ला पञ्चायतले रिक्त स्थानको पूर्ति गाउँ सभाका सदस्यहरू मध्येबाट मनोनयनद्वारा गर्न सक्नेछ। त्यसरी मनोनीत गरिएका सदस्य यस ऐन बमोजिम निर्वाचित भए सरह मानिनेछ।

(१५) गाउँ पञ्चायतका प्रधान पञ्च, उप-प्रधान पञ्च र सदस्यको पदावधि शपथ लिएको मितिदेखि शुरू हुनेछ।

६. मूल ऐनको दफा २१ मा संशोधनः– मूल ऐनको दफा २१ को उप-दफा (२) मा रहेको दफा २० भन्ने शब्दहरूको सट्टा "दफा ५ वा दफा २०" भन्ने शब्द राखिएको छ।

७. मूल ऐनको दफा २७ पछि दफा २७क. थप्नेः– मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः–

गाउँ पञ्चायतका प्रधान पञ्च र उप-प्रधान पञ्च दुवैको पद रिक्त रहेको अवस्थामा सो मध्ये कुनै एक पदको पूर्ति नभएसम्म प्रधान पञ्चको काम, कर्तव्य र अधिकारको पर्याप्त तथा पालन गाउँ सभाको इलाकाभित्र उपस्थित रहेको गाउँ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्चायतका सदस्यहरू मध्ये उमेरमा सबैभन्दा जेठो सदस्यले गर्नेछ ।

८. मूल ऐनको दफा २४ मा संशोधनः— मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छः—

२४. राजीनामाः— गाउँ पञ्चायतका प्रधान पञ्चले जिल्ला पञ्चायतका सभापति छेउ र उप-प्रधान पञ्च र अरू सदस्यहरूले प्रधान पञ्च छेउ आफ्नो सहिछाप भएको राजीनामा पेश गरी पद त्याग गर्न पाउँछ । त्यस्तो राजीनामा स्वीकृत भएपछि सो पद खालि भएको मानिनेछ ।

स्पष्टीकरणः— यस दफाको प्रयोजनको लागि सहिछाप भन्नाले आफ्नो हस्ताक्षरले सही गर्न जान्नेको हकमा हस्ताक्षरको सही र नजान्नेको हकमा ल्याप्चे सही सम्झनु पर्दछ ।

९. मूल ऐनको दफा २५ मा संशोधनः— मूल ऐनको दफा २५ को उप-दफा (३) मा प्रधान पञ्च भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य" भन्ने शब्दहरू राखिएको छ ।

१०. मूल ऐनको दफा ६१ मा संशोधनः— मूल ऐनको दफा ६१ को खण्ड (४) को शुरूमा "गाउँ सभा वा" भन्ने शब्दहरू थपिएको छ ।

११. हालका प्रधान पञ्च र उप-प्रधान पञ्चहरूको सम्बन्धमा विशेष व्यवस्थाः— मूल ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको मितिमा कायम रहेका गाउँ पञ्चायतका प्रधान पञ्च र उप-प्रधान पञ्चहरू यो ऐन प्रारम्भ भएपछि स्वतः सो पदमा कायम नरहेको मानिनेछन् । र मूल ऐनको दफा १८ को उप-दफा (२)(यस ऐन बमोजिम संशोधित रूपमा) अनुसार सो रिक्त स्थानहरूको पूर्ति गरिनेछ । तर त्यस्तो व्यक्तिहरूले प्रधान पञ्च वा उप-प्रधान पञ्च पदको लागि पुनः उम्मेदवार हुन यस दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

लालमोहर सदर मिति २०२२।१२।१०।४

आज्ञाले—
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

836

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन नं. २४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### केही नेपाल कानूनलाई खारेज र संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– केही नेपाल कानूनलाई संशोधन गर्न र केही नेपाल कानूनलाई खारेज गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "खारेजी र संशोधन ऐन, २०२२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. खारेजी र संशोधनः– (१) अनुसूची १ मा लेखिएको नेपाल कानून सोही अनुसूचीमा लेखिए बमोजिम संशोधन गरिएको छ ।

(२) अनुसूची २ को कालम २ मा लेखिएको नेपाल कानून सोही अनुसूचीको कालम ३ मा लेखिएको हदसम्म खारेज गरिएको छ ।

(३) प्रचलित नेपाल कानूनमा कुनै संगठित संस्थाका सम्बन्धमा प्रयोग भएको "अवछिन्न" भन्ने शब्दको सट्टा "अनवच्छिन्न" भन्ने शब्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(दफा २ को उप-दफा (१) संग सम्बन्धित)

सभा वा संघ सम्बन्धी ऐन, २००५

दफा ५ को खण्ड (ग) मा रहेको "श्री ५ सरकार श्री ३ सरकार" भन्ने शब्दहरूको सट्टा "श्री ५ महाराजाधिराज" भन्ने शब्दहरू राखिएको छ र सोही खण्डमा रहेको "मुख्त्यारको" भन्ने शब्द र "वकील" भन्ने शब्द झिकिएको छ।

राजपरिवार खर्च व्यवस्था ऐन, २०१६

दफा १५ को उप–दफा (१) मा रहेको "प्रधानमन्त्री" भन्ने शब्दहरूदेखि "महासभासद्को" भन्ने शब्दहरूसम्मको वाक्यांश झिकी त्यसको सट्टा "मन्त्रिपरिषद्का अध्यक्ष १ जना र राष्ट्रिय पञ्चायतका अध्यक्षद्वारा मनोनीत राष्ट्रिय पञ्चायतका सदस्य २ जना समेत जम्मा ३ जनाको" भन्ने वाक्यांश राखिएको छ

नेपाल कोर्ट फी ऐन, २०१७

(१) दफा २५ को उप–दफा (१) को "सरकार बादी" भन्ने शब्द अगाडि "तत्काल प्रचलित नेपाल कानून बमोजिमको" भन्ने शब्दहरू राखिएको छ।

(२) दफा २७ को उप–दफा (२) मा रहेको "संसद्को दुबै सदनको" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय पञ्चायतको" भन्ने शब्दहरू र "संसद्बाट" भन्ने शब्दको सट्टा "राष्ट्रिय पञ्चायतबाट" भन्ने शब्द राखिएको छ।

लेखापरीक्षण ऐन, २०१८

प्रस्तावनामा रहेको "नेपाल अधिराज्यको संविधानको धारा ६२ अनुसार" भन्ने शब्दहरूको सट्टा "नेपालको संविधानको धारा ७६ अनुसार" भन्ने शब्दहरू राखिएको छ।

राज्य अदालत उन्मूलन ऐन, २०१७

दफा ७ को उप–दफा (२) मा रहेको "संसद्को दुबै सदनको" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय पञ्चायतको" र "दुबै सदनले" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय पञ्चायतले" भन्ने शब्दहरू राखिएको छ।

सहकारी बैंक ऐन, २०१९

दफा १ को उप–दफा (३) देहाय बमोजिम राखिएको छ :–

(३) यो ऐन २०२० साल भाद्र १४ गतेदेखि लागू भएको मानिनेछ।

635
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

(दफा २ को उप–दफा (२) संग सम्बन्धित)

| सिलसिला नम्बर | नेपाल कानून | खारेजीको हद |
|---|---|---|
| १ | तिन वाज्याको सन्तानको घरको ऐन | सम्पूर्ण |
| २ | मस्जिद बनाउंदा इजाजत लिनु पर्ने बारेको २००० साल पौष १८ गतेको खड्ग निशाना | सम्पूर्ण |
| ३ | मुलुकी सवाल | सम्पूर्ण |
| ४ | वाक स्वतन्त्रता सम्बन्धी ऐन, २००५ | सम्पूर्ण |
| ५ | काठमाण्डू उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रेटको सवाल, २००६ | दफा १ को खण्ड (ह) |
| ६ | जनप्रतिनिधित्व ऐन, २०१५ | सम्पूर्ण |
| ७ | नेपाल कोर्ट फी ऐन, २०१७ | दफा ३ को खण्ड (ख), (ग) र अनुसूची १ र २ |
| ८ | सम्पत्ति कर ऐन, २०१७ | सम्पूर्ण |
| ९ | व्यापार मुनाफा र पारिश्रमिक कर ऐन, २०१७ | सम्पूर्ण |
| १० | जग्गा कर ऐन, २०१७ | सम्पूर्ण |

लालमोहर सदर मिति २०२२।१२।१०।४

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

मुद्रण, विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन नं. २५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### सर्वोच्च अदालत ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वोच्च अदालत ऐन, २०१६ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "सर्वोच्च अदालत (संशोधन) ऐन, २०२२" रहेकोछ ।

(२) यो ऐन २०२२ साल आषाढ १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२ मूल ऐनको दफा ७ मा संशोधनः– (१) मूल ऐनको दफा ७ को उप–दफा (१) मा रहेको "ने.रु. १,८००।– अठार सय" शब्दहरूको सट्टा "ने.रु. २,०००।–दुइहजार" शब्दहरू राखिएकोछ ।

(२) मूल ऐनको दफा ७ को उप–दफा (२) मा रहेको "ने. रु. १५,००।– पन्ध्र-सय" शब्दहरूको सट्टा "ने.रु. १७,००।– सत्र सय" शब्दहरू राखिएकोछ ।

लालमोहर सदर मिति २०२२।१२।१०।४

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।